# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, चैत ९ गते २०३२ साल**

श्री ५ को सरकार

**स्वास्थ्य मन्त्रालयको**

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले धनकुटा अस्पताल विकासको लागि कोशी अञ्चल, धनकुटा जिल्ला, धनकुटा गाउँ पञ्चायत धनकुटा बजार वार्ड नं ७ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कि. नं. ४३ अस्पताल एरिया, पश्चिम कि. नं. १७ को जग्गा, उत्तर कि. नं. ४९ को जग्गा, दक्षिण कि. नं. ४० को जग्गा यति चारकिल्लाभित्रको मौजा हुलाक टोल रैती नं. १३९ थरिनारायणकृष्ण श्रेष्ठ जिम्माको तिरो रू. १।५० ( एक रुपैयाँ पचास पैसा) लाग्ने कि.नं. ४८ को १२–१४–२ (बाह्र रोपनी चौध आना दुई पैसा) को कित्ता।

आज्ञाले–

हरिहरजंग थापा

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

050